"सहकारी संघ/संस्थाहरुको प्रबर्द्धन, विकास एवम् बैकिङ्ग कारोबारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक"

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता

Sahakarita Quarterly (त्रैमासिक)

वर्ष ४, अङ्क ७ Jan-Mar. 2016 माघ-चैत २०७२

# राष्ट्रिय सहकारी बैंकको सञ्जाल देशभर विस्तार

## धनगढी, रौतहट र सिराहामा तीन शाखा थपिए



रौतहटको चन्द्रनिगापुरमा राष्ट्रिय सहकारी बैंकको ३६ औं शाखा उद्घाटन हुँदै

ललितपुर/देशभरका सहकारीहरुको एक मात्र बैंक राष्ट्रिय सहकारी बैंक लिमिटेडले हालै ३ वटा शाखा थप गरेको छ । मुख्य शाखा कार्यालय सहित ३४ वटा शाखा र केन्द्रीय कार्यालयबाट सदस्य सहकारी संघ/संस्थाहरुलाई सेवा दिदै आएको बैंकका हालसम्म ३७ वटा शाखा स्थापना भएका छन् ।

सहकारी विभागमा दर्ता भई विभाग र राष्ट्र बैंकको समेत अनुमति प्राप्त गरेको बैंकले विभाग र राष्ट्रबैंकको स्वीकृति लिएर पछिल्लो समयमा ३ वटा शाखा सञ्चालनमा ल्याएको हो ।

बैंकको ३५ औं शाखा कैलाली जिल्लाको सदरमुकाम धनगढीमा सञ्चालनमा

.......................बाँकी १२ पृष्ठमा

### बैंकको बाह्रौ साधारणसभा फागुन १५ मा

## राष्ट्रपतिले उदघाटन गर्ने

ललितपुर/राष्ट्रिय सहकारी बैंक लिमिटेडको १२ औं वार्षिक साधारणसभा ०७२ फागुन १५ गते शनिवार बिहान काठमाडौंको भृकुटी मण्डपमा हुने भएको छ । सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीको प्रमुख आतिथ्यतामा हुने साधारणसभामा देशभरका ८ हजार भन्दा बढी सहकारी संघ/संस्थाका प्रतिनिधिहरुको सहभागिता रहनेछ ।



यस अगाडि ०७२ मंसिर २६

.....................बाँकी १२ पृष्ठमा



अन्तर्राष्ट्रिय सहकारी महासंघको टोलीलाई राष्ट्रिय सहकारी बैंकमा स्वागत: ICA-AP का उच्च अधिकारीहरुद्वारा बैंकको अवलोकनका क्रममा ।

*राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित*

**सहकारिता**

सल्लाहकार

रमेशप्रसाद पोखरेल

के.बी. उप्रेती

कुलचन्द्र अधिकारी

सूचना, सञ्चार तथा प्रकाशन उप-समिति

संयोजक - रामबहादुर जि.सी.

सदस्यहरु :

विन्देश्वर श्रेष्ठ, महेन्द्र गिरी, डिल्ली पोखरेल

सदस्य सचिव- नविन कार्की

सहयोगी

नविन पौडेल

ठेगाना

राष्ट्रिय सहकारी बैंक लि.

केन्द्रीय कार्यालय कुपण्डोल, ललितपुर

फोन : ०१-५०११७८२/फ्याक्स : ०१-५५५५६८७

Email: publication@coopbank.com.np

Email: coopbank@coopbank.com.np

Website: www.coopbank.com.np

मुद्रण :

Triumph Media Pvt. Ltd.

## सम्पादकीय

# सहकारीमैत्री ऐन निर्माण गरौं

एक हजार भन्दा कम सहकारी रहेको समयमा निर्माण भएको सहकारी ऐन २०४८ मा समय सापेक्ष परिमार्जन आवश्यक छ। परिमार्जनका लागि धेरै पटक प्रयासहरु भएका पनि हुन्। तर पनि सफल भएनन्। यतिबेला सरकारले विधेयक अगाडि बढाएको छ। सरकारले बढाएको विधेयकप्रति अभियानको तर्फबाट राष्ट्रिय सहकारी संघले असहमति जनाएको अवस्था छ। अभियानसंग समन्वय नगरी ल्याइएको र सहकारीको मर्म र भावना विपरित रहेको भन्दै अभियानले जस्ताको तस्तै विधेयक पारित नगर्न माग गरेको छ। सरकारले सहकारी क्षेत्रमा देखिएको केही खराव प्रवृत्तिलाई कार्वाही गर्ने नाममा सहकारीको अन्तर्राष्ट्रिय मूल्य मान्यता नै ओझेलमा पार्ने गरी विधेयक ल्याएको भन्दै अभियानले सुधार गर्न माग गरेको हो।

सहकारी क्षेत्रमा देखिएका विकृति विसंगतीहरु रोक्नु पर्छ, रोकिएन भने त्यसले समग्र सहकारी अभियानलाई कमजोर बनाउछ। सहकारीका राम्रा पक्षको बारेमा पनि छलफल चलाइनु पर्छ। सहकारीले राज्यमा गरेको योगदान, रोजगारी, वित्तिय क्षेत्र, सामाजिक परिचालन लगायत उत्पादन, प्रशोधन र बजारीकरणमा सहकारीले गरेको योगदानको समेत स्मरण गर्दै सहकारीलाई तीन खम्बे अर्थनीतिको एउटा महत्वपूर्ण पाटोका रुपमा स्थापित गर्ने खालको ऐन ल्याउन आवश्यक छ। अभियानले सहकारी क्षेत्रमा भएका राम्रा बाहेक नराम्रा नदेख्ने र राज्यले नराम्रा बाहेक राम्रा नदेख्ने आरोप लागि रहेको समयमा आपसी छलफलबाट सहकारी मार्फत उत्पादन, प्रशोधन, बजारीकरण लगायत हरेक क्षेत्रमा व्यावसायिकता विकास गराउने वातावरण सिर्जना गर्ने खालको ऐन निर्माणमा सबैको ध्यान पुग्नु पर्छ। सहकारीलाई नियन्त्रित गर्ने र स्वच्छन्द बन्ने कुनै पनि कुराले सहकारीको मूल मर्म र भावनालाई प्रतिनिधित्व गर्दैन।

# बैंकका अध्यक्ष र प्रवन्ध सञ्चालकलाई सहकारी सम्मान



साथी शिक्षा सहकारी संस्था लि. रौतहटको सम्मान प्रदान गर्दै पूर्व प्र.म.माधवकुमार नेपाल




पोखरा रोयल कास्कीको राष्ट्रिय सहकारी पुरस्कार ग्रहण गर्दै प्रवन्ध सञ्चालक के.बी.उप्रेती



मनकामना साकोस मोरङको सम्मान ग्रहण गर्दै अध्यक्ष रमेशप्रसाद पोखरेल

ललितपुर/सहकारी क्षेत्रमा निरन्तर र उल्लेख्य योगदान गरेको भन्दै राष्ट्रिय सहकारी बैंकका अध्यक्ष रमेशप्रसाद पोखरेल र प्रवन्ध सञ्चालक के.बी. उप्रेतीलाई विभिन्न स्थानका सहकारी संघ संस्थाहरुले सम्मान गरेका छन्।

मोरङको पथरीस्थित मनकामना बचत तथा ऋण सहकारी सस्था लिमिटेडले आफ्नो १९ औं स्थापना दिवसको अबसर पारेर राष्ट्रिय सहकारी बैंकका अध्यक्ष रमेश प्रसाद पोखरेल लाई "सहकारी सम्मान-२०७२ बाट सम्मान गरेको छ। संस्थाले आफ्नो स्थापना दिवसको अवसरमा नेपालको सहकारी अभियानमा महत्वपूर्ण योगदान

.......................बाँकी १३ पृष्ठमा

# समुदायमा सहकारी भावनाको विकास गर्न सहकारी बैंकको भूमिका प्रभावकारी : अध्यक्ष पोखरेल

**मुलुकभरका सम्पूर्ण सहकारी संघ संस्थाहरुको वित्तिय आवश्यकता परिपूर्ति गर्दै सहकारी मार्फत मुलुक निर्माणमा योगदान गर्ने लक्ष्यका साथ स्थापित मुलुकको एकमात्र सहकारी बैंक राष्ट्रिय सहकारी बैंक लिमिटेड १३ औं वर्षमा प्रवेश गरेको छ । बैंकले फागुन १५ गते आफ्नौ १२ औं वार्षिक साधारणसभा सम्पन्न गर्दै यसै सन्दर्भ र बैंकको समसामयिक विषयवस्तुलाई लिएर बैंकका अध्यक्ष रमेशप्रसाद पोखरेलसंग गरिएको संक्षिप्त कुराकानी ।**

**राष्ट्रिय सहकारी बैंकको १२ औँ वार्षिक साधारण सभाको तयारी कस्तो छ ?**

राष्ट्रिय सहकारी बैंक लिमिटेडको १२ औँ बार्षिक साधारण सभा यहि २०७२ साल फाल्गुण १५ गते शनिबारका दिन काठमाण्डौं स्थित भृकुटी मण्डप परिसरमा बिहान ८ बजेदेखी संचालन हुदैछ । सदस्य संघ/संस्थालाई पत्राचार गरिसकेको छ। शाखा कार्यालय भएका जिल्लामा शाखा मार्फत र अन्य जिल्लाहरूमा हुलाक मार्फत पत्र पठाईसकेको छ । बिभिन्न संचार माध्यमबाट समेत जानकारी गराउने कार्य भएको छ। प्रतिबेदन छपाई लगायतका कार्य सम्पन्न भईसकेको छ । साधारण सभामा सम्माननीय राष्ट्रपती विद्यादेवी भण्डारी ज्यूको प्रमुख आतिथ्यता रहने छ भने ७५ जिल्लाबाट करिब ५००० भन्दा बढी सदस्य सहकारी संघ/संस्थाका प्रतिनिधीहरूको उपस्थिती रहने अनुमान गरिएको छ।

**बैंकको वर्तमान अवस्था कस्तो छ ?**

मुलुक भरिका करिब ८००० सहकारी संघ/संस्थाको आवद्धता रहेको यस बैंकमा अप्रत्यक्ष करिब ३० लाख नागरिक आवद्ध भएको अवस्था छ । बित्तीय हिसाबले १३ प्रतिशत लाभांश बितरण गर्न बैंक यस बर्ष पनि सफल भएको छ भने सदस्य संघ/संस्थालाई कारोबार गर्न ३७ वटा शाखा कार्यालय खोल्न सफल भइसकेको छ। करिब १० अर्वको निक्षेप संकलन गरी कर्जा प्रबाह गर्न बैंक सफल भएको छ । युवा स्वरोजगार, बिपन्न वर्ग कर्जा लगायतका क्षेत्रमा पनि बैंकको पहुँच बढ्दै गएको अवस्था छ।

**सबै सहकारीको पहुँच अहिलेसम्म पनि बैंकमा पुग्न सकेको छैन नि ?**

सहकारी विभागको तथ्याङ्क अनुसार मुलुक भरी करिब ३३००० सहकारी संघ/संस्था दर्ता भएका छन् । तर सबै संघ/संस्थाहरू कारोबारका हिसाबले कृयाशिल छैनन्। तर पनि हाल बैंकमा आवद्ध संस्थामात्र क्रियाशिल भने होइनन्। भू-वनावट, सूचनाको



समस्या, यातायात लागायतका समस्याका कारण पर्याप्त सदस्यता बिस्तार भईरहेको छैन। यसलाई म स्वीकार गर्दछु। तर बिगतमा भन्दा हालको बैंकको सञ्जाल, शाखा बिस्तारका कारण सदस्यता बिस्तार भई रहेको छ । केही समयमा सदस्यता बिस्तारसँगै कारोबारमा समेत प्रत्यक्ष पहुँच पुऱ्याउने गरी ७५ वटै जिल्लामा शाखा विस्तार गर्दै लैजाने योजना रहेको छ।

**अघिल्लो साधारण सभादेखि यस साधारण सभासम्मको मुख्य मुख्य उपलब्धीहरू के के हुन् ?**

अघिल्लो साधारण सभामा भएको निर्णयहरू अधिकांश कार्यान्वयन भएको अवस्था छ। मुलत कारोबारमा उल्लेख्य बिस्तार भएको छ । सामुहिक सुरक्षणमा कर्जा लगानीको व्यवस्थाको थालनी भएको छ। अन्तर्राष्ट्रिय क्षेत्रमा एसियाली क्रेडिट यूनियन (ACCU) को सदस्यता प्राप्त भएको छ । आफ्नै घर जग्गा व्यवस्थापन गर्ने कार्यको थालनी भएको छ। तीन स्थानमा थप शाखा कार्यालय खोलिएका छन्। सदस्यतामा बिस्तार भएको छ । राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रमा समन्वयात्मक कार्यमा विस्तार भएको अवस्था छ। समूदायमा सहकारी भावनाको विस्तारमा बैंकको तर्फबाट महत्वपूर्ण योगदान पुगेको छ।

**बैंकको कर्जा प्रकृया अझ पनि झन्झटिलो छ भन्छन नि ?**

कर्जा प्रवाह गर्दा सुरक्षणलाई ध्यान दिनुपर्दछ । त्यसका अतिरिक्त नेपाल राष्ट्र बैंकको निर्देशन र सहकारी विभागको मापदण्ड लगायतलाई समेत मध्यनजर राख्दा केही कागजी प्रकृया अलि बढी भएको हो की भन्ने सुझाव आए र केही सहज बनाउने निर्णय गरेका छौं। समय सापेक्ष यो सजिलो बन्दै जानेछ।

**शाखा विस्तारका क्रममा हुनुहुन्छ, पछि आउन सक्ने समस्याप्रति कत्तिको ध्यान दिनु भएको छ ?**

राष्ट्रिय सहकारी बैंक आफ्ना सदस्य सहकारी संघ/संस्थाबीच मात्र कारोवार गर्ने बैंक भएको हुँदा सदस्यहरूको कारोवारमा पहुँच पुग्ने गरी शाखा व्यवस्थापन गर्नु नै पर्ने हुन्छ। यसवाट भविष्यमा कुनै समस्या पर्ला भन्ने हामीलाई लागेको छैन। नयाँ प्रविधिलाई समेत आत्मसाथ गर्दै जाने भएको हुँदा भविष्य उज्जल देखेको छु । केन्द्रबाट नै कन्ट्रोल भर्ने गरी ABBS को प्रविधी अवलम्बन गर्ने योजना समेत रहेको छ।

**अन्तर्राष्ट्रिय क्षेत्रमा बैंकको पहुँच पुऱ्याउन के के गर्नु भएको छ ?**

संयुक्त राष्ट्र संघ पछिको दोस्रो ठूलो अन्तराष्ट्रिय संगठन अन्तराष्ट्रिय सहकारी महासंघ (ICA) को सदस्यता लिन गत वर्ष नै सफल भएका छौँ । त्यसका अतिरिक्त NEDAC, ACCU र APRACA, CICTAB जस्ता अन्तराष्ट्रिय संगठनहरूको सदस्यता लिइसकेको छ भने अन्य हामीसँग समन्वय र सहकार्य हुने संघ/संगठनको सदस्यता लिने नीति कायमै राखेका छौँ । जसबाट अध्ययन, अवलोकन, तालिम लगायतका कार्यको थालनी समेत गरिरहेको छ ।

**प्रस्तावित सहकारी ऐनको बारेमा अभियानका तर्फबाट व्यापक विरोध भएको सुनिन्छ, बैंकको धारणा चाहिँ के हो ?**

ऐन, नियम, कानून भनेको समय सापेक्ष परिवर्तन र परिमार्जन हुने गर्दछन् । परिवर्तन र परिमार्जनबाट थप व्यवहारिक र विस्तार योग्य वातावरण सृजना गरेको हुनु पर्दछ । अनि मात्र यो परिवर्तित ऐन, नियम, कानून कार्यान्वयनमा सजिलो पर्दछ, अन्तर्राष्ट्रिय यथार्थता पनि त्यही हो । हामी कहाँ अभियानलाई साँघुरो पार्ने, कारोबारलाई खुम्च्याउने र अन्तराष्ट्रिय सहकारीको मूल्य, मान्यता र सिद्धान्तभन्दा फरक आउनु हुदैन भन्ने हाम्रो धारणा हो ।

**निजी क्षेत्र जत्तिकै सहकारी क्षेत्रलाई पनि दह्रो बनाउन के गर्नु पर्ला ?**

समय सापेक्ष सहकारी ऐनको निर्माण, सहकारी उद्योग व्यवसायलाई प्रोत्साहन, उत्पादनमा थप सुबिधा, व्यवहारीक कर प्रणाली, तालिम लगायतका क्षेत्रमा उचित व्यवस्थापन गर्नु पर्ने देखिन्छ । लिखितममा भन्दा व्यवहारिकतामा जोड दिनु पऱ्यो ।

**दुर्गम र विकट क्षेत्रमा रहेको सहकारीले बैंक मार्फत कसरी लाभ लिन सक्छ ?**

सहकारी बैंकले प्रदान गर्ने लाभहरू धेरै छन् । जसमध्ये आफूलाई के आवश्यकता बढी छ त्यो सँगको कारोबार गर्ने हो । पहिलो कुरा एउटा विकट क्षेत्रको सहकारी राष्ट्रियस्तर को बैंकमा आवद्ध हुन पाउँदछ । त्यसैगरि अन्तर्राष्ट्रिय जगतमा त्यो सहकारीको आवद्धता बढ्छ । तालिम, अवलोकनमा सहभागिता जनाउन पाउँदछ । उसलाई वित्तिय कारोवार र सहयोगको आवश्यकता भएमा हाल भएका जुनसुकै शाखाबाट कारोवार गर्न पाउँदछ । उसले केन्द्र र अन्तर्राष्ट्रिय क्षेत्रमा समेत समवन्य र सहकार्य गर्ने नेतृत्व प्राप्त गर्दछ । अर्थात् प्रत्यक्ष, अप्रत्यक्ष दुवै लाभ सहकारी संघ/संस्था ले प्राप्त गर्नेछन् ।

**राष्ट्रिय सहकारी बैंकको भावी योजना के छ ?**

सहकारी क्षेत्रको वजेट बैंक मार्फत परिचालित गर्ने, विभिन्न क्षेत्रको न्यून ब्याजदरमा कर्जाहरू प्रवाह गर्ने, शाखा विस्तार गर्ने, समय सापेक्ष राष्ट्रिय, अन्तर्राष्ट्रिय तालिम संचालन गर्ने, रेमिट्यान्सलाई थप विस्तार गर्ने, लघुवित्त कार्यक्रमलाई थप प्रभावकारी बनाउने, शिक्षा, प्रकाशनमा विशेष योजना बनाउने, व्यवसायीक सहकारी सञ्जाल निर्माण गर्ने, संघीय ढाँचामा राष्ट्रिय सहकारी बैक ऐन निर्माण गर्न लागी पर्ने, कारोवार विस्तार गर्दै थप मूनाफा आर्जन गर्ने, बैंकको केन्द्रीय कार्यालय रहने गरी भवन निर्माणका लागि जग्गा व्यवस्थापन गर्ने, उत्पादन, पर्यटन, जल विद्युत लगायतका क्षेत्रमा लगानी विस्तार गर्ने, जस्ता कार्यहरू भावि योजनाको रुपमा लिएको छु ।

# आइसीए एपीका निर्देशकद्वारा राष्ट्रिय सहकारी बैंकको अवलोकन

ललितपुर/अन्तर्राष्ट्रिय सहकारी महासंघ, एशिया प्रसान्तका निर्देशक बालासुर्बमन्यम आइएर र लैंगिक तथा सञ्चार सल्लाहकार सावित्री सिंहले २०७२ पौष १ गते राष्ट्रिय सहकारी बैंक लिमिटेड केन्द्रीय कार्यालयको अबलोकन भ्रमण गर्नुभएको थियो ।

सो अबसरमा उहाहरुलाई बैंकका अध्यक्ष रमेश प्रसाद पोखरेल, प्रबन्ध संचालक के. बी. उप्रेती, लेखा समिति संयोजक कुलचन्द्र अधिकारी लगायत बैंकको टोलीले स्वागत गर्नुभएको थियो । सो अवसर का बीच बोल्दै Balasubramanian Iyer ले बैंकलाई अन्तराष्ट्रिय सहकारी महासंघको तर्फबाट निरन्तर सहयोग गर्ने आश्वासन दिनु भएको थियो । संस्थागत विकास तथा शिक्षा तालिममा समन्वय गर्न सकिने उहाले बताउनु भएको थियो ।



बैंकका अध्यक्ष पोखरेल र प्रवन्ध सञ्चालक के.बी.उप्रेतीले बैंकको अवस्था र आगामी कार्ययोजनाका बारेमा जानकारी गराउनु भएको थियो ।

# राष्ट्रिय सहकारी बैंकको आगामी कार्यभार



**के.बी.उप्रेती**
**प्रबन्ध-सञ्चालक**
**राष्ट्रिय सहकारी बैंक लि.**

हाम्रो देश नेपाल कति परनिर्भर रहेछ भन्ने कुरा केही समय अगाडि मुलुकमा देखिएको असहज परिस्थितिका कारण उन्पन्न संकटलाई लिन सकिन्छ। अघोषित नाकाबन्दीका नाममा मुलुकमा भएको खाद्य लगायत विभिन्न चिजको अभावलाई राम्रोसंग विश्लेषण गर्ने हो भने मुलुकको परनिर्भरता छर्लङ्ग हुन्छ। हामी जति धेरै अरुमा आश्रित हुदै जान्छौ त्यति नै यस्ता समस्याहरु आइरहन्छन्। त्यसैले अब हामी सबैको कार्यभार मुलुकको आर्थिक विकास हुनु पर्छ र त्यसका लागि स्थानीय स्रोत साधनको पहिचान, परिचालन आवश्यक छ। कृषि, जडिबुटी, जलस्रोत लगायत देशका प्रवल संभावनाका स्रोतहरुको अधिकतम उपयोग गरी मुलुकलाई आर्थिक रुपमा सम्पन्न बनाउनका लागि राज्यले लिएको तीन खम्बे अर्थनीतिलाई व्यवहारमा लागु गर्न आवश्यक छ। राज्यले लिएको तीन खम्बा मध्ये सहकारी क्षेत्रको भूमिका आर्थिक, सामाजिक रुपान्तरणमा अत्यन्तै महत्वपूर्ण रहेको छ। समग्र सहकारी क्षेत्रको भूमिकालाई प्रभावकारी बनाउन राष्ट्रिय सहकारी बैंक अग्रमोर्चामा रहेको छ। देशभरका जनतालाई सहकारी मार्फत राज्यका स्रोत साधनहरु पुर्‍याउनुका साथै जनताका बीचमा भएका स्रोत साधनको अधिकतम उपयोग गरी आर्थिक विकास गर्नका लागि देशभर सञ्जाल भएको सहकारी बैंक एउटा बलियो सहयोगी बन्न सक्छ र त्यसका लागि सहकार्य गर्न बैंक तयार छ।

सहकारीले राज्यको आर्थिक सामाजिक विकासमा धेरै कोणबाट योगदान गरेको छ। सहकारी क्षेत्रलाई सबल सक्षम र प्रभावकारी बनाएर मुलुकको आर्थिक सामाजिक र सांस्कृतिक विकास गर्न सकिन्छ। त्यसका लागि सहकारीको संरचना, नीति र कार्यशैलीमा सुधार आवश्यक छ। हाल भएका संरचनाहरु मध्ये कुन निकायले के गर्दा आर्थिक उन्नती गर्न सकिन्छ भन्ने विषयलाई ध्यान दिएर सोही अनुसार अगाडि बढ्न सक्नु नै आजको आवश्यकता हो।

मुलुकको सहकारी अभियानमा आफ्नो भूमिका स्थापित गर्दै र सहकारी संघ संस्थाहरु मार्फत सामाजिक विकासमा शसक्त रुपमा अगाडि बढेको संस्थाका रुपमा राष्ट्रिय सहकारी बैंक अगाडि आएको छ। राष्ट्रिय सहकारी बैंक लिमिटेड मुलत सहकारी संघ संस्थाहरुको प्रवर्द्धन गर्ने लक्ष्यका साथ स्थापित संस्था हो। बैंक स्थापना हुनुको मुख्य उद्देश्य सदस्य सहकारी संघ वा संस्थालाई थोक कर्जाको रुपमा वित्तीय तथा अन्य आवश्यक सहयोग उपलब्ध गराई त्यस्ता संघ/संस्था मार्फत जनताको आर्थिक तथा सामाजिक स्तर माथि उठाउन सहयोग पुर्‍याउने हो। यसका साथै नेपाल सरकार तथा राष्ट्र बैंकको नीति निर्देशन र ऐनको अधिनमा रही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकारी संघ संस्थाहरुसंग आवश्यक समन्वय कायम गरी सहकारी आन्दोलनलाई सहयोग पुर्‍याउने यसको अर्को महत्वपूर्ण उदेश्य हो। यस्तै पूँजि अभाव भएका सहकारी संघ/संस्थाहरुलाई कर्जा स्वरुप पूँजि सहयोग गरी व्यवसायिक बनाउने र क्रमश: पूँजिमा आत्मनिर्भर गराउँदै लैजाने लगायतका उदेश्य लिएर यो बैंक स्थापना भएको हो। २०६० साल असार २५ गते दर्ता भएको राष्ट्रिय सहकारी बैंक लि.मा हाल ७५ जिल्लाका करिब ८ हजार सहकारी संघ संस्था शेयर सदस्य छन्। ३७ शाखा र १ केन्द्रीय कार्यालय गरी ३८ स्थानबाट ७१ करोड शेयर पूँजि संकलन, १० अर्ब निक्षेप संकलन, करिब ६ अर्व कर्जा लगानी र करिव ११ अर्बको कारोबार भैरहेको छ। बैंकमा आवद्ध संघ संस्थाहरुमा करिब २५ लाख भन्दा बढी जनता आवद्ध छन्। बैंकबाट संघ संस्थाहरुले कर्जा लिएर सदस्यहरुको आर्थिक सामाजिक विकासमा योगदान पुर्‍याएका छन्।

बैंकले पछिल्लो समय कृषि र विपन्न वर्ग कर्जामा विशेष प्राथमिकता दिदै आएको छ। यो क्षेत्रमा करिब २ अर्ब लगानी रहेको छ। आइसीए, नेडाक अक्कु लगायतका सहकारीका अन्तर्राष्ट्रिय संस्थाहरु तथा नेपालको सहकारी अभियानका शिर्ष निकाय राष्ट्रिय सहकारी संघ लि.मा बैंकको आवद्धता रहेको छ।

सहकारी बैंकको स्थापनासंगै सदस्यता विस्तार, शाखाहरु मार्फत कारोबार सञ्चालन हुन थालेपछि देशभरका सहकारी संघ संस्थाहरुले यो बैंकबाट वित्तिय सहयोग, वित्तिय व्यवस्थापन लगायतको अपेक्षा राखेका थिए। निश्चय नै सहकारीहरुको सहभागितामा बनेको बैंकबाट सदस्य संस्थाहरुले अपेक्षा गर्नु स्वभाविक नै छ। दुर्गम तथा ग्रामिण क्षेत्रमा, महिला, दलित तथा कमजोर आयस्रोत भएका जनताको सहभागितामा सञ्चालन भएका, कृषि, पशुपालन, जडिबुटी, विद्युत उत्पादन, प्रशोधन र बजारीकरणका क्षेत्रमा काम गरीरहेका तथा शिक्षा, स्वास्थ्य, सञ्चार लगायतका सेवासंगै बचत तथा ऋण लगायत विभिन्न क्षेत्रमा काम गरिरहेका सहकारी संघ संस्थाहरुले राष्ट्रिय सहकारी बैंकबाट वित्तिय सहयोग प्राप्त गरेका छन्। निजी बैंकहरुले संस्थागत रुपमा सहकारीहरुलाई कर्जा प्रवाह नगर्ने र सहकारी बैंक उनीहरुको प्रवर्द्धनका लागि स्थापना भएकाले पनि यस्ता खाले सहकारीहरुलाई सर्वसुलभ रुपमा थोक कर्जा प्रवाह गरी

सहकारी संघ संस्थाहरुको सबलीकरणका साथै जनताको आयस्तर माथि उठाउन बैंकले सहयोग पुर्‍याउदै आएको छ ।

सदस्य सहकारी संघ संस्थाहरुको व्यवस्थापनका लागि बैकले आगामी ५ वर्षका लागि आफ्नो रणनीति तयार गरेको छ । सहकारी क्षेत्रको प्रवर्द्धन, विकास र वित्तिय आवश्यकताहरु परिपूर्ति गर्ने यसको मुख्य लक्ष्य हो । लक्ष्य प्राप्तीका लागि बैंकले समयानुकुल प्रविधिको प्रयोग गरि सदस्यहरुमा गुणस्तरीय सेवा प्रदान गर्ने, क्षमता अभिबृद्धिका लागि विभिन्न किसिमका शिक्षा, तालिम, गोष्ठी आदीको व्यवस्थापन गर्ने, पूँजी, निक्षेप एवं कर्जा परिचालन क्षमता अभिबृद्धि गर्ने, दक्ष जनशक्ति, आन्तरीक व्यवस्थापन र प्रभावकारी नियन्त्रण प्रणालीको विकास गर्ने, सहकारी क्षेत्रका समस्या समाधानका लागि पहल गर्ने, समय सापेक्ष ऐन, नियम, नीति निर्माण परि मार्जनका लागि पहल गर्ने, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय निकायहरुसँग समन्वय तथा सम्बन्ध विस्तार गर्ने, आयमूलक व्यवसाय मार्फत रोजगारी सिर्जना तथा गरिवी न्यूनिकरण गर्ने, उत्पादन तथा सेवा क्षेत्रको विकास र प्रवर्द्धनका लागि कर्जा तथा वित्तिय सेवा प्रदान गर्ने, देश भरका संघ/संस्थालाई आवद्ध गराउने, छरिएर रहेको पूँजी, श्रोत तथा साधनहरुलाई सहकारी संघ/संस्था मार्फत परिचालन गर्ने गराउने योजना अगाडि बढाएको छ । पाच वर्षभित्र कम्तीमा १५ हजार सहकारी संघ संस्थालाई सदस्य बनाउने, शाखा र ब्रान्चलेस गरी १ सय स्थानबाट कारोबार गर्ने, २ अर्ब शेयर पूँजि, ३० अर्ब निक्षेप, २५ अर्ब कर्जा लगानी गर्ने लक्ष्य लिइएको छ । कर्जा लगानी मध्ये १७ अर्ब रुपैया उत्पादनमुखी, आयमुलक र जलविद्युत क्षेत्रमा लगानी गर्ने लक्ष्य छ ।

सहकारी बैंक ऐन निर्माणका लागि पहलकदमी गर्ने तथा सहकारीका ७ वटा अन्तर्राष्ट्रिय निकायको सदस्यता लिने योजना बैंकले अगाडि बढाएको छ । :

बैंकले उत्पादन र उत्पादकत्वमा वृद्धि गरी दिगो, उच्च र फराकिलो आर्थिक वृद्धिको आधारशिला बनाउन पहल गर्ने, कृषिको व्यवसायीकरणका लागि लगानीको मात्रा बढाउदै लैजाने, शाखा विस्तार गर्ने, सेवा विस्तार गर्ने, युवा स्वरोजगारमुलक कार्यक्रम सञ्चालन गर्ने, सञ्चालक, लेखा समिति र कर्मचारीको क्षमता अभिवृद्धिका लागि विविध कार्यक्रमहरु सञ्चालन गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको थप विकास गर्दै कार्य सम्पादनलाई थप व्यावसायिक र व्यवहारिक बनाउने, सहकारी बैंक ऐन ल्याउन पहल गर्ने लगायतका कार्ययोजना तयार पारेको छ ।

बैंकलाई थप प्रभावकारी बनाउदै लैजानका लागि तत्कालिन र दिर्घकालिन कार्यक्रमका साथ बैंकका गतिविधिलाई अगाडि बढाउन सबैको सहयोग आवश्यक छ । यसरी बैंकले सदस्य संघ सस्था मार्फत आर्थिक विकासमा योगदान दिएको छ । राज्यले लिएको तीन खम्बे अर्थनीति, सहकारी अभियानले लिएको आयात प्रतिस्थापन र सामाजिक न्यायका लागि सहकारी भन्ने नारालाई सफल पार्नका लागि बैंकको भूमिका प्रभावकारी छ, र थप प्रभावकारी बनाउनका लागि आवश्यक प्रयत्नहरु भैरहेका छन् ।

सहकारी संघ संस्थाले जनताको आयआर्जनमा वृद्धि गराई कर तिर्न सक्ने बनाउन सक्यो भने मुलुकको आम्दानी बढ्छ, त्यसका लागि सहकारी मार्फत परिचालन हुने सबै खाले राज्यका कोषहरु सहकारी बैंक मार्फत सहकारीकर्मीहरुमा पुर्‍याउने नीतिगत व्यवस्था गर्न आवश्यक छ ।

मुलुक आर्थिक, सामाजिक र सांस्कृतिक रुपमा मुलुक पुनर्निर्माणको संघारमा छ । सहकारी बैंक सबैसंग सहकार्य गरेर मुलुकको समग्र आर्थिक सामाजिक विकासका लागि ऐक्यवद्ध हुन तयार छ । त्यसका लागि राज्यले सहकारी मार्फत परि चालन हुने सम्पूर्ण बजेट सहकारी बैंक मार्फत परिचालन गर्ने नीति ल्याउन आवश्यक छ ।

# सहकारी बैंकका शाखा प्रमुखहरुका लागि क्षमता अभिवृद्धि तालिम

ललितपुर/राष्ट्रिय सहकारी बैंक लिमिटेडले आफ्ना देशभरका सबै शाखा प्रमुख तथा केन्द्रीय कार्यालयका कर्मचारीहरुको क्षमता अभिवृद्धि तथा पुनर्ताजगीका लागि एक हप्ते शाखा संचालन व्यवस्थापन तालिम ०७२ पुस ३ गते मा सम्पन्न भयो ।

बैंकले प्रदान गर्ने सेवा संग सम्बन्धित कर्जा, तालिम, वित्तीय सेवा, प्रशासन, सूचना प्रबिधि, रेमिट्यान्स आदि बिषयहरुलाई थप सरलता र परिणाममुखी गर्ने लगायतका विविध पद्दति तथा तरि काहरुलाई सरल बनाउने र सो मा कर्मचारीहरुको दक्षता बढाउने उद्धेश्यका साथ तालिमको आयोजना गरिएको थियो । तालिमका क्रममा शाखा कार्यालयमा भएका समस्या र समाधानका लागि सुझाव समेत बैंक ब्यबस्थापन पक्षले लिएको थियो ।



बैंकका अध्यक्ष रमेश प्रसाद पोखरेलले विगतमा सानो आकार र कम सदस्यहरु हुदै बैंकको ब्यबसाय शुरु गरिएको कुरा अबगत गराउनु हुदै बैंकलाई क्रमस सफलताको दिशामा अगाडी बढाउन शाखा प्रमुखहरुको भुमिका प्रसंसनिय भएको बताउदै यही मेहनतका साथ अगाडी बढ्न उत्प्रेरित गर्नुभयो । बैंकका प्रबन्ध संचालक के. बी. उप्रेतीले बैंकको सेवा लाई प्रभावकारी बनाउने ढंगले अगाडी बढन शाखा प्रमुखहरु लाई निर्देशन दिदै तालिमबाट सिकेका ज्ञानहरुलाई प्रभावकारी रुपमा लागु गर्ने कुरामा बिश्वास लिनुभयो ।

तालिम समापनका क्रममा लेखा समितिका संयोजक कुलचन्द्र अधिकारी, संचालक एवं तालिम तथा शिक्षा उपसमितिका संयोजक सरिता भट्टराईले तालिमबाट सिकेको ज्ञानलाई कार्यान्वयन गर्न आग्रह गर्नु भएको थियो । कार्यक्रमको सञ्चालन बैंकका प्रबन्धक नवराज उपाध्यायले गर्नुभएको थियो ।

# मुलुक निर्माणका लागि सहकार्य अपरिहार्य



**सि.ए.सरोज जोशी**
**प्रवन्धक**
**राष्ट्रिय सहकारी बैंक लि.**

नेपालको सहकारी क्षेत्रमा एक मात्र बैंकको रुपमा चिरपरिचित राष्ट्रिय सहकारी बैंक लिमिटेड आफ्नो प्रभावकारी पहिचान कायम राख्दै १३ औं वर्षमा प्रवेश गरेको छ। सहकारी क्षेत्रमा सहकारी बैंकको आवश्यकतालाई सम्बोधन गर्न सहकारी ऐन २०४८ मा संशोधन भई दफा २६(४) बमोजिम स्थापित भई नेपाल राष्ट्र बैंकबाट समेत सीमित बैंकिङ कारोबार गर्न स्वीकृत प्राप्त राष्ट्रिय सहकारी बैंकले हाल सहकारी क्षेत्रको ठूला करदाता, राष्ट्रिय अन्तर्राष्ट्रिय संजाल भएको अति नै महत्व बोकेको संस्थाका रुपमा स्थापित भएको छ।

**नेपालमा सहकारी वर्तमान अवस्था (२०७२ आषाढ मसान्त सम्मको सहकारी विभागवाट प्रकाशित तथ्याङ्क) हेर्दा :**

| विवरण | परिमाण | SACCOS |
|---|---|---|
| सहकारी संघ संस्था | ३२,६६३ | १३,४६० |
| सदस्य संख्या | ५१,००,३७० | २७,२९,४८५ |
| पूँजी रु. | ६३,०५,९९,१४,००० | ४७,०९,१५,१४,००० |
| निक्षेप रु. | २,०२,४२,०५,३५,००० | १,४५,०८,४८,६२,००० |
| लगानी रु. | १,८८,०७,८४,३९,००० | १,३६,४३,३३,३८,००० |
| कर्मचारी | ५७,८५४ | ३४,२५८ |
| संचालक | २,६७,९८८ | १,११,४७० |

मुलुकभरी कार्यक्षेत्र भएको यस बैकमा हालसम्म करीव ८ हजार सहकारी संघ/संस्था सदस्य भइसकेका छन्। सबै सहकारी संघ संस्था यस बैंकको सदस्य बन्न सक्ने कुरालाई ध्यानमा राख्दा यस बैंकले ग्रहण गर्न सक्ने आकार र यसले निर्वाह गर्न सक्ने भूमिका सहजै बुझ्न सकिन्छ। विगत देखि वर्तमानसम्म यस बैंकमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा संलग्न भई योगदान पुऱ्याउनु हुने विभिन्न निकायका पदाधिकारी, सल्लाहकार, संचालक, कर्मचारी, सहकारी क्षेत्रका महत्वपूर्ण संघ/संस्थाहरुको भूमिकाकै कारण राष्ट्रिय सहकारी बैंकले आफ्नो लक्ष्य अनुरुपको विकासमा गतिलिएको मान्न सकिन्छ।

संविधानले समेत सरकारी, निजी र सहकारी क्षेत्रको सहभागितालाई राष्ट्रिय अर्थतन्त्रको प्राथमिकतामा राखेको सन्दर्भमा एक बृहत सहकार्यमा समाहित हुँदै उल्लेखनीय परिणाममुखी भुमिकामा सक्रियतापूर्वक लागि अन्ततः राष्ट्रिय विकासमा योगदान दिनका लागि यो बैंक चुरोको रुपमा विकसित हुन सक्छ।

विश्वमा कतिपय देशहरु सहकारीको माध्यमबाट उन्नत भएका छन् र सहकारीको राष्ट्रिय अर्थतन्त्र तथा सामाजिक विकासमा उल्लेखनीय भूमिका रहेको छ। सो अनुरुप सहकारी बैंकको वित्तिय भूमिका धेरै नै बलियो रहेको छ र अन्तर्राष्ट्रिय रुपमै विस्तारित समेत हुदै गएको छ। विश्वमा आएको आर्थिक संकटका समयमा समेत सहकारी बैंकको क्षमता मजबुत नै भएको र आर्थिक क्षेत्रमा सहकारी प्रशंसनीय भएको तथा विश्व जगत मै सहकारीको महत्वलाई आत्मसात गरिएको छ।

सहकारीले विस्तारित रुप लिदैं गएको देखिन्छ। यसमा पनि अधिकांश वचत तथा ऋण सहकारी तर्फ बढी केन्द्रित देखिन्छ। संख्यात्मक फड्को मारेको देखिएता पनि प्रभावकारी अनुगमन अनुभुति नभएको हुँदा गुणस्तर यकिन गर्न सकिदैन। धेरै संख्यामा रहेका सहकारीहरु कतिपय निस्क्रिय होलान्, कतिपय कमजोर होलान्, कतिपय सहकारीताको भावना सिद्धान्त विपरित संचालित होलान्, कतिपय खराव नियतले संचालित भइ वेपत्ता पनि होलान्। यस्तो अस्पष्ट सहकारी वातावरण धेरै नै जोखिम युक्त हुन्छ, र निक्षेप, लगानी, हितको सुनिश्चितता हुन सक्दैन। अनुगमित र अनुगमन बाहिर रहेका संस्थाहरुको कारोबारको गुणस्तर तथा जोखिम स्तरमा भिन्नता हुन सक्ने हुँदा राष्ट्रिय सहकारी बैंकको कारोबारमा संकुचन, अधिक तरलतामा हुने चुनौती विद्यमान रहेकै हुन्छ। यस किसिमको अवस्थामा राष्ट्रिय सहकारी बैंकले उत्कृष्ट सहकारी मार्फत परियोजनामुखी कर्जा प्रवाह तर्फ पनि लागि तरलता तथा कर्जामा सन्तुलन राखि वित्तिय विस्तारको तयारी गरिरहेको छ।

धमिलो वातावरणमा बैंकलाई सवल स्वच्छ रुपमा कायम राख्दै नाफामूखी संस्थावाट सहकारीलाई जोगाउँदै सहकारीको स्तर वृद्धि हुने कार्यमा सक्रियता अझ वृद्धि गर्दै लानुपर्छ।

अनुगमनको लागि धेरै नै श्रोत, साधन र दक्ष जनशक्तिको आवश्यकता भएता पनि सहकारीको श्रोत, साधन तथा हितको

## राष्ट्रिय सहकारी बैंकको पछिल्लो वित्तिय विवरण (२०७२ पौष मसान्तसम्म)

| क्रस | विवरण | रकम |
|---|---|---|
| १. | शेयर पूँजि | ७०,५७,९५,००० |
| २. | निक्षेप | ९,६३,६२,६०,००० |
| ३. | कर्जा/लगानी | ६,००,३४,७०,००० |
| ४. | कूल सम्पत्ती | ११,२३,६५,२८,००० |

सुरक्षा सुनिश्चता गर्न यो अपरिहार्य नै हुन्छ। प्रविधियुक्त सूचना प्रणालीका लागि चुस्त अभिलेख तथा रिपोर्टिङ प्रणालीलाई स्थापित गरी सहज अनुगमन तथा कारवाही प्रणाली कार्यान्वयन हुन सकेमा सहकारी क्षेत्र व्यवस्थित हुँदै जाने कुरा निश्चित छ।

सहकारीहरुको स्तर उन्नती हुँदै जानु पनि धेरै आवश्यक छ। यसो भएमा सहकारीको प्रभावकारीताले सकरात्मक सामाजिक आर्थिक परिणाम आउँदछ। स्तर मापन विधि समेत लागू गर्न सकिएमा संस्थाहरुको यथार्थ चित्रण हुन्छ र भावि दिशा निक्यौल गर्न समेत सघाउ पुऱ्याउँदछ।

कायम गर्नुपर्ने पूँजीकोष, तरलता, कर्जा नोक्सानी व्यवस्थाहरु सन्तोषजनक रहेको छ। तरलता आवश्कता भन्दा बढी रहेको देखिन्छ। विगतका वर्षहरु देखि नै सदस्यहरुलाई निरन्तर लाभांश वितरण गरिनै रहेको छ। नयाँ सदस्यहरु पनि क्रमिक रुपमा आकर्षित भई नै र हेका छन्। २ सय जना कर्मचारी ३७ शाखाबाट सेवा प्रदान भईरहेको छ। वृद्धि भई रहेको वित्तिय, सांगठनिक आकार तथा संजाल हेर्दा यस प्रतिको विश्वास प्रगाढ बन्दै गएको देखिन्छ। यसलाई अझ प्रभावकारी र परिमाणमुखी बनाउँदै लैजानका लागि यसको विभिन्न प्रक्रियामा सहभागी सबैको सहयोग र समन्वय आवश्यक छ।

राष्ट्रिय सहकारी बैंक सहकारी ऐन अनुसार दर्ता भई बैंकिङ कार्यका लागि नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त भएको हुँदा यसको बैंकिङ र सहकारीता दुई खाले भुमिका रहेको हुन्छ। यसको मूल ध्येय सहकारी कै पक्षपोषणमा लाग्नु हो तर पनि यसले आफ्नो दुवै भूमिकामा सन्तुलित हुनुपर्दछ।

राष्ट्रिय सहकारी बैंक मुख्यत सहकारीको हितको लागि बैकिङ कार्यकै लागि स्थापना भएको हो। यसले गर्ने बैंकिङ कार्यको अन्तरनिहित उद्देश्य वित्तिय समावेशिता, क्षमता अभिवृद्धि, सदस्यहरुको सामुहिक उन्नती, सहकारीको साखमा वृद्धि गर्दै दिगो सहकारीको उद्देश्य हासिल गर्नु हो। यसले गर्ने बैंकिङ कार्य, बैंकिङ कार्यको सिमित घेरामा नहेरी त्यसबाट आउने परिणाम सहकारी कै वृहत हित र उद्देश्य प्राप्तिका लागि हुने कुरामा ध्यान दिनु पर्दछ।

सहकारीको हितका लागि स्थापना भएको यस बैंकले सहकारी उत्थानका लागि हैसियत अनुसार सहकारीको प्रवर्द्धन, उद्यमशिलताको विकास, क्षमता, गुणस्तरमा अभिवृद्धि, अन्तर्राष्ट्रिय सहकारी अभियानमा सहभागिता वृद्धि, सूचना संचार प्रविधिमा पहुँच, सदस्यबीचको व्यापार, बजारीकरण, परि योजनामुखी सहकारी, परामर्श, सूचना प्रणाली, अनुगमन प्रणालीको लागि स्वंयगर्न सक्ने तथा आवश्यकतानुसार वृहत सहकार्यमा अग्रणी भूमिका निर्वाह गर्न सक्दछ।

यसरी यस बैंकले गर्न सक्ने महत्वपूर्ण भूमिकालाई महत्व दिदै, सहकारीको विस्तारित क्षेत्र, संजाल र वृहत सहकार्यबाट सिर्जना हुने वातावरणमा यस बैंकले बैंकिङ कार्यमा सघाउ पुचाउछ नै, सहकारीको प्रणाली स्वच्छ हुनुका साथै दिगो हुने र राष्ट्रिय अर्थतन्त्रको विकासका लागि सहकारी मुलमन्त्र कै रुपमा उदय हुन सक्दछ।

**राष्ट्रिय सहकारी बैंकको अन्तराष्ट्रिय आवद्धता :**

- ICA (International Cooperative Alliance )
- ACCU (Association of Asian Confederation of Credit Unions
- NEDAC (Network for the Development of Agricultural Cooperatives in Asia )
- APRACA (Asia-Pacific Rural and Agricultural Credit Association)
- CICTAB ( Centre for International Cooperation and Training in Agricultural Banking ( Process in final stage)

# सहकारी बैंकले शुरु गऱ्यो संस्थागत तालिम




ललितपुर/भक्तपुर जिल्लाको जगाती-६ स्थित हित बचत तथा ऋण सहकारी संस्था लि.को आयोजना र राष्ट्रिय सहकारी बैंक लिमिटेडको संयोजनमा सञ्चालित २ दिन दिने संस्थागत विकास तालिम ०७२ माघ ९ गते सम्पन्न भएको छ।

संस्थाका संचालक, पदाधिकारी तथा व्यवस्थापन तहका कर्मचारीहरुलाई लक्षित गरी संचालन भएको तालिममा सहकारीको आधारभूत सिद्धान्त र सहकारी व्यवसाय, सहकारी संस्था र अन्य वित्तीय संस्थामा फरक, संचालक समिति तथा लेखा समितिको काम कर्तव्य र दायित्व, संचालकको आचरण, कार्य तथा दायित्व, संचालकले व्यवस्थापनबाट गरेका अपेक्षा, व्यवस्थापनले संचालकवाट गरेका अपेक्षा, संस्था संचालन विधि, जोखिम विश्लेषण, संस्थाको रणनीतिक योजना बनाउने प्रकृया र संस्थामा हुनु पर्ने शुसासन लगायतका विषयमा जानकारी दिइएको थियो। तालिम कार्यक्रमको सहजीकरण बैंकका संचालक एवं शिक्षा तथा तालिन उप-समिति संयोजक सरिता भट्टराई र बैंकका प्रबन्धक नवराज उपाध्यायले गर्नुभएको थियो।

तामिलवाट लिएको सिपलाई व्यबहारमा लागु गरि सहकारीको माध्यमवाट समाजमा शिक्षा र सचेतना फैलाउन तिमिल्सिनाले आग्रह गर्नु भएको थियो।

# राष्ट्रिय सहकारी बैंक लि.को २०७२ पुस मसान्तसम्मको लेखा परिक्षण नभएको वित्तिय विवरण

| क्र.सं. | विवरण | यस त्रैमासमा | गत त्रैमासमा | गतवर्षको यस त्रैमासमा |
|---|---|---|---|---|
| १ | **कुल पुँजी तथा दायित्व (१.१ देखि १.७)** | **११,२३६,५२८** | **१०,०३१,१०९** | **८,३०२,५०७** |
| १.१ | शेयर पुंजी | ७०५,७९५ | ६९४६०९ | ६७९१५१ |
| १.२ | जगेडा तथा कोषहरु | १६९,९७६ | ८१८०७ | १३३६२१ |
| १.३ | ऋणपत्र तथा वण्ड | – | – | – |
| १.४ | तिर्न बाँकी कर्जा सापट | ४७३,८४३ | ४९४६३२ | ६६९५९२ |
| १.५ | **निक्षेप दायित्व** | ९,६३६,२६० | ८,५११,२०३ | ६,६८०,०६२ |
| | क. स्वदेशी मुद्रा | ९,६३६,२६० | ८५११२०३ | ६६८००६२ |
| | ख.बिदेशी मुद्रा | – | – | – |
| १.६ | आयकर दायित्व | ५,४१६ | – | ४३६० |
| १.७ | अन्य दायित्व | २४५,२३८ | २४८८५८ | १३५७२१ |
| २ | **कुल सम्पती (२.१ देखि २.७)** | **११,२३६,५२८** | **१०,०३१,१०९** | **८,३०२,५०७** |
| २.१ | नगद तथा बैंक मौज्दात | ५,०९१,१५२ | ३९०२३५६ | २९९२२१४ |
| २.२ | माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | – | – | – |
| २.३ | लगानी | १,६५०,११५ | १७३०१०५ | १२४५१०५ |
| २.४ | कर्जा सापट तथा बिल खरिद | ४,३५३,३५५ | ४२९२४८३ | ३९४९७३४ |
| २.५ | स्थिर सम्पती | ३८,६०६ | ३३४६६ | ३२८०१ |
| २.६ | गैर बैकिङ्ग सम्पती | – | – | ५३५० |
| २.७ | अन्य सम्पती | १०३,३०० | ७२६९९ | ७७३०३ |
| ३ | **नाफा नोक्सान हिसाब** | | | |
| ३.१ | ब्याज आम्दानी | ३७२,२६७ | १७९,१४५ | ३५७,८९७ |
| ३.२ | ब्याज खर्च | २३६०४८ | १२७८६९ | २३२६५८ |
| | **खुद ब्याज आम्दानी** | **१३६२१९** | **५१२७६** | **१२५२३९** |
| ३.३ | कमिशन तथा डिस्काउण्ट | १३९ | ७३ | १०१ |
| ३.४ | अन्य सञ्चालन आम्दानी | १४,२८५ | ६,२५३ | १२,२३० |
| ३.५ | सटही घटबढ नाफा/नोक्सान | – | – | – |
| | **कुल सञ्चालन आम्दानी** | **१५०,६४३** | **५७,६०२** | **१३७,५७०** |
| ३.६ | कर्मचारी खर्च | ३८,५७० | १९,५५९ | ३१,३७४ |
| ३.७ | अन्य संचालन खर्च | १७,९८३ | ७,०६९ | २३,२१० |
| | **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** | **९४,०९०** | **३०,९७४** | **८२,९८६** |
| ३.८ | सम्भावित नोक्सानी व्यवस्थाहरु | १६५,७५८ | ११२,९८८ | १०५,३७३ |
| | **सञ्चालन मुनाफा** | (७१,६६८) | (८२,०१४) | (२२,३८७) |
| ३.९ | गैर संचालन आम्दानी/खर्च | – | – | २ |
| ३.१० | सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | १००,६७९ | १५,४९४ | ४६,३६७ |
| | **नियमित कारोबारबाट भएको मुनाफा** | **२९,०११** | (६६,५२०) | २३,९८२ |
| ३.११ | असामान्य कारोबारबाट भएको आम्दानी/खर्च | ७७५ | १३ | |
| | **सम्पुर्ण कारोबार समावेश पछिको खुद मुनाफा** | २९,७८६ | (६६,५०७) | २३,९८२ |
| ३.१२ | कर्मचारी बोनस व्यवस्था | २,७०८ | – | २,१८० |
| ३.१३ | आयकर व्यवस्था | ५,४१६ | – | ४,३६० |
| | **खुद नाफा/नोक्सान** | **२१,६६२** | (६६,५०७) | **१७,४४२** |
| ४ | **अनूपातहरु** | | | |
| ४.१ | जोखिम भारित सम्पतीमा पुंजीको पर्याप्तता (प्रतीशत) | १२.६६ | ११.५२ | १४.१४ |
| ४.२ | निष्क्रिय कर्जा/कुल कर्जा (प्रतिशत) | १.७२ | १.७३ | ५.२५ |
| ४.३ | कर्जा नोक्सानी व्यवस्था/निष्क्रिय कर्जा | २०७.६३ | २३६.८७ | ६३.२७ |
| ४.४ | पुजिको औसत लागत | ४.५८ | ४.७८ | ५.२२ |
| ४.५ | कर्जा /निक्षेप अनुपात (प्रतिशत) | ४५.१८ | ५०.४३ | ५९.१३ |
| ४.६ | पूजीको औसत आम्दानी | १०.२२ | १०.३७ | १०.६७ |

# राष्ट्रिय सहकारी बैंकको भूमिका बारे विभिन्न शाखाद्वारा गरिएका अन्तरक्रिया कार्यक्रमहरू

**मुलुकभरका सहकारीहरुको एकमात्र बैंकका रुपमा स्थापित राष्ट्रिय सहकारी बैंकले आफ्नो सेवालाई थप प्रभावकारीताका लागि सदस्य सहकारी संघ संस्थाका प्रतिनिधिहरुसंगको सुझाव संकलन अभियानलाई तिव्रता दिएको छ । बैंकमा आवद्ध सहकारी संघ संस्थाहरुको संस्थागत विकास तथा संस्थामा आवद्ध सदस्यहरुलाई उत्पादन, प्रशोधन र बजारीकरणतर्फ आकर्षित गरी आयआर्जन वृद्धि गर्ने उदेश्यका साथ कार्यक्रम आयोजना गरिएको हो । सहकारीमार्फत मुलुकको आर्थिक सामाजिक र सांस्कृतिक परिवर्तनका लागि राष्ट्रिय सहकारी बैंकको भूमिका कसरी बढाउन सकिन्छ भन्ने विषयमा सदस्य संघ संस्थाका प्रतिनिधिहरुको सुझाव लिनका लागि कार्यक्रम सञ्चालन गरिएको हो ।**

### दमौली

तनहुँको दमौलीमा ०७२ माघ १० गते आयोजित कार्यक्रमका सहभागीहरुले सहकारी बैंक मार्फत आम सहकारीकर्मीहरुको क्षमता तथा दक्षता अभिवृद्धिका लागि सचेतना कार्यक्रम सञ्चालन गर्न माग गरेका थिए । वित्तिय क्षेत्रसंगै सहकारी अभियानलाई थप प्रभावकारी बनाउनका लागि देशव्यापी सञ्जाल भएको, सहकारी क्षेत्रको शसक्त संगठनका रुपमा स्थापित सहकारी बैंकको भूमिका प्रभावकारी हुनु पर्नेमा सहभागीहरुले जोड दिएका थिए ।

कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका प्रवन्ध सञ्चालक के.बी.उप्रेतीले सहकारी मार्फत गरिवी निवारणका लागि राज्यले सही नीति लिन सकेमा त्यसलाई प्रभावकारी बनाउन सहकारी बैंक अग्रमोर्चामा उभिने बताउनु भयो । सहकारी क्षेत्रको संरचना, वित्तिय अवस्था, सहकारी सचेतना कार्यक्रम लगायत सहकारी क्षेत्रको प्रवर्द्धनका लागि सहकारी बैंकको भूमिका प्रभावकारी रहेको भन्दै उहाँले आगामी दिनमा पनि सहकारी मार्फत समाज रुपान्तरणमा सक्रिय रहने प्रतिवद्धता व्यक्त गर्नु भयो ।

सहकारी ऐन परिमार्जनको सन्दर्भमा बोल्दै उहाँले सहकारी तथा गरिवी निवारण मन्त्रालयले सहकारीकर्मीहरुको भावना विपरित सहकारी ऐन ल्याउन लागेको आरोप लगाउनुभयो। उहाँले सहकारी विरोधी ऐन कुनै पनि हालतमा पारित हुन नदिने दावी गर्दै सहकारी मैत्री ऐन ल्याउनका लागि देशभरका सहकारीकर्मीहरुको दवाव आवश्यक रहेको बताउनुभयो।

तनहुँमा आयोजित कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका सञ्चालक रामबहादुर जि.सी., डिभिजन सहकारी कार्यालयका प्रमुख गोपाल लम्साल, बचत तथा ऋण सहकारी संघका अध्यक्ष देवीबहादुर बस्नेत, कृषि सहकारी सस्थाका अध्यक्ष रामजी लौडारी लगायतले बोल्नु भएको थियो ।

कार्यक्रम जिल्ला सहकारी संघ तनहुँका अध्यक्ष पुरुषोत्तम काफ्लेको अध्यक्षता, श्रीप्रसाद भट्टराईको स्वागत र राष्ट्रिय सहकारी बैंक तनहुँ शाखाका प्रमुख विनोद भट्टराईको सञ्चालनमा सम्पन्न भएको थियो।

### पोखरा

पोखरा शाखाको आयोजनामा ०७२ माघ १० गते नै आयोजित कार्यक्रममा बोल्दै बैंकका प्रवन्ध सञ्चालक के.बी.उप्रेतीले सहकारी अभियानलाई व्यवस्थित गराउनका लागि राष्ट्रिय सहकारी बैंकको भूमिका प्रभावकारी रहेको दावी गर्नु भयो ।

कार्यक्रममा जिल्ला सहकारी संघ कास्कीका अध्यक्ष रविरमण तिवारी, सराङकोट बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष कृष्ण थापा लगायतले बोल्नु भएको थियो ।

बैंकको ऐतिहासिक पृष्ठभूमि, वर्तमान अवस्था र आगामी कार्ययोजनाका बारेमा बैंकका सहायक प्रवन्धक मोहन कार्कीले जानकारी गराउनु भएको थियो ।

कार्यक्रम पोखरा रोयल सहकारीका अध्यक्ष तथा बैंकको पोखरा शाखाका पूर्व संयोजक मेजर तुलसी प्रसाद गुरुङको अध्यक्षता र सहकारी बैंक पोखरा शाखाका प्रमुख केदार उप्रेतीको सञ्चालनमा सम्पन्न भएको थियो।

### वालिङ

स्याङ्जाको वालिङमा ०७२ माघ ११ गते आयोजित कार्यक्रमका सहभागीहरुले सहकारी बैंक मार्फत आम सहकारीकर्मीहरुको क्षमता तथा दक्षता अभिवृद्धिका लागि सचेतना कार्यक्रम सञ्चालन गर्न माग गरेका थिए।

कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका प्रवन्ध सञ्चालक के.बी.उप्रेतीले सहकारी मार्फत गरिवी निवारणका लागि राज्यले सही नीति लिन सकेमा त्यसलाई प्रभावकारी बनाउन सहकारी बैंक अग्रमोर्चामा उभिने बताउनु भयो । सहकारी क्षेत्रको संरचना, वित्तिय अवस्था, सहकारी सचेतना कार्यक्रम लगायत सहकारी क्षेत्रको प्रवर्द्धनका लागि सहकारी बैंकको भूमिका प्रभावकारी रहेको भन्दै उहाँले आगामी दिनमा पनि सहकारी मार्फत समाज

रुपान्तरणमा सक्रिय रहने प्रतिवद्धता व्यक्त गर्नु भयो। कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका सञ्चालक रामबहादुर जिसीले बैंकको ऐतिहासिक पृष्ठभूमि, वर्तमान अवस्था र आगामी कार्ययोजनाका बारेमा जानकारी गराउनुभएको थियो। कार्यक्रममा स्याङजाका सहकारीकर्मीहरु भूमिजंग केसी, भक्तबहादुर केसी, माधवप्रसाद रेग्मी, विष्णु सुवेदी, कर्णबहादुर श्रेष्ठ, लेखबहादुर केसी, राजु डुम्रे लगायतले सुझाव तथा जिज्ञासा राख्नु भएको थियो। कार्यक्रम राष्ट्रिय सहकारी बैंक बालिङ शाखाका पूर्व सहसंयोजक पूण्यप्रसाद अर्यालको अध्यक्षता र राष्ट्रिय सहकारी बैंक बालिङ शाखाका प्रमुख प्रकाश सापकोटाको सञ्चालनमा सम्पन्न भएको थियो।

**इलाम**

राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखाको आयोजनामा इलाममा सञ्चालित विभिन्न सहकारी संघ संस्थाका प्रतिनिधिहरुबीच अन्तरक्रिया कार्यक्रम ०७२ मंसिर ८ गते सम्पन्न भयो। कार्यक्रममा बैंकमा आबद्ध ४० भन्दा बढी सहकारी संघ संस्थाका प्रतिनिधिहरुको सहभागिता थियो। अन्तरक्रिया कार्यक्रममा सदस्य संघ संस्थाहरुलाई बैंक मार्फत दिइने सेवा सुविधा लगायतका विषयमा छलफल भएको थियो। कार्यक्रम केन्द्रीय चिया सहकारी संघका अध्यक्ष गोविन्द प्रसाद दाहालको अध्यक्षतामा सम्पन्न भएको थियो।

**सिमरा**

राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय सिमराको आयोजनामा बैंकको सेवाहरु बारे एकदिने अर्न्तक्रिया कार्यक्रम ०७२ मंसिर २० गते सम्पन्न भयो। कार्यक्रममा बैंकमा आबद्ध सहकारी संस्थाका प्रतिनिधिहरुको सहभागिता थियो। बैंकले दिने सेवा र त्यस क्षेत्रका सहकारीहरुले बैंक प्रति गरेको अपेक्षा लगायतका विषयमा बैंकका अध्यक्ष रमेश प्रसाद पोखरेल, प्रबन्ध संचालक के.बी. उप्रेती, लेखा समितिका संयोजक कुलचन्द्र अधिकारी, संचालक देवराज पराजुली, बैंकका सहायक प्रबन्धक मोहनबहादुर कार्की लगायतले जानकारी गराउनु भएको थियो।

**हेटौडा**

राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय हेटौडाको आयोजनामा डिभिजन सहकारी कार्यालय हेटौडाको सभाकक्षमा बैंकको सेवाहरु बारे एकदिने अन्तरक्रिया कार्यक्रम ०७२ मंसिर २० गते सम्पन्न भयो। कार्यक्रममा बैंकका आबद्ध सहकारी संस्थाका प्रतिनिधि लगायतका स्थानीय निकायका प्रतिनिधिहरुको सहभागिता थियो। सदस्य सहकारी संघ संस्थाहरुलाई बैंकमार्फत दिइने सेवा र त्यस क्षेत्रका सहकारीहरुले बैंक प्रति गरेको अपेक्षा बारे केन्द्रीत रहेको अन्तरक्रियामा बैंकका अध्यक्ष रमेश प्रसाद पोखरेल, प्रबन्ध संचालक के.बि उप्रेती, लेखा समितिका संयोजक कुलचन्द्र अधिकारी, संचालक देवराज पराजुली, बैंकका सहायक प्रबन्धक मोहनबहादुर कार्की लगायतले जानकारी गराउनु भएको थियो।

**जनकपुर**

मुलुकभरका सहकारीहरुको एकमात्र बैंकका रुपमा स्थापित राष्ट्रिय सहकारी बैंकले आफ्नो सेवालाई थप प्रभावकारीताका लागि सदस्य सहकारी संघ संस्थाका प्रतिनिधिहरुसंगको सुझाव संकलन अभियानलाई तिब्रता दिएको छ।

बैंकमा आवद्ध सहकारी संघ संस्थाहरुको संस्थागत विकास तथा संस्थामा आवद्ध सदस्यहरुलाई उत्पादन, प्रशोधन र बजारीकरणतर्फ आकर्षित गरी आयआर्जन वृद्धि गर्ने उदेश्यका साथ कार्यक्रम आयोजना गरिएको हो।

सहकारीमार्फत मुलुकको आर्थिक सामाजिक र सांस्कृतिक परिवर्तनका लागि राष्ट्रिय सहकारी बैंकको भूमिका कसरी बढाउन सकिन्छ भन्ने विषयमा सदस्य संघ संस्थाका प्रतिनिधिहरुको सुझाव लिनका लागि कार्यक्रम प्रभावकारी बनेको बैंकले जनाएको छ।

कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका अध्यक्ष रमेश पोखरेलले सदस्य सहकारी संघ संस्थाहरु मार्फत आर्थिक विकास र सामाजिक न्यायका लागि बैंकको भूमिका प्रभावकारी बन्दै गएको बताउनुभयो। बैंकका प्रवन्ध सञ्चालक के.बी.उप्रेतीले सहकारी मार्फत गरिवी निवारणका लागि राज्यले सही नीति लिन सकेमा त्यसलाई प्रभावकारी बनाउन सहकारी बैंक अग्रमोर्चामा उभिने बताउनु भयो।

कार्यक्रममा बैंकका सहायक प्रवन्धक मोहन कार्कीले बैंक वर्तमान अवस्था र आगामी योजनाका बारेमा जानकारी गराउनु भएको थियो। जिल्ला मत्स्य सहकारी संघ धनुषाका अध्यक्ष सञ्जयकुमार शाहले सहकारी बैंकका कारण सहकारी संस्थाहरुलाई कारोबार गर्न सहज भएको बताउनु भएको थियो। कार्यक्रम जिल्ला बचत तथा ऋण सहकारी संघ धनुषाका अध्यक्ष ध्रुवनारायण यादवको अध्यक्षता र सहकारी बैंक जनकपुर शाखाका प्रमुख सन्तोष ढकालको सञ्चालनमा सम्पन्न भएको थियो।

**सिन्धुली**

राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय सिन्धुलीको आयोजनामा सहकारी बैंकको नीति तथा कार्यक्रम र सेवा सम्बन्धी अन्तरक्रिया कार्यक्रम ०७२ माघ २९ गते सिन्धुलीमा सम्पन्न भएको छ। सहकारी संघ संस्थाहरुको हित, विकास र प्रवर्द्धनका लागि बैंकको भूमिका कसरी थप प्रभावकारी बनाउन सकिन्छ भन्ने विषयमा कार्यक्रममा छलफल भएको थियो। कर्जा लगानी, सहकारी शिक्षा लगायतका क्षेत्रमा सहकारी बैंकले गरेको कार्यले सहकारी अभियानलाई सबल बन्न सहयोग पुर्‍याएको सहभागीले बताएका थिए। कार्यक्रममा बैंकका अध्यक्ष रमेश पोखरेलले सहकारी क्षेत्रबाट मुलुकको आर्थिक विकास गर्नका लागि सहकारी बैंक देशव्यापी सञ्जाल विस्तार गर्दै अगाडि बढेको बताउनुभयो। बैंकका प्रवन्ध सञ्चालक के.बी.उप्रेतीले सहकारी बैंक मार्फत सहकारी संघ संस्थाहरुको वित्तिय तथा संस्थागत सुशासनमा सहयोग पुगेको बताउनुभयो।

कार्यक्रममा जिल्ला सहकारी संघ सिन्धुलीका अध्यक्ष शिष्टराज के.सी, जिल्ला उपभोक्ता सहकारी संघका नवराज कोइराला, साना किसान सहकारी संघका रामबहादुर विक, बचत तथा ऋण सहकारी संघका गणेश बस्नेत लगायतले मन्तव्य व्यक्त गर्नु भएको थियो। कार्यक्रम बैंकका सहायक प्रवन्धक भरतकुमार चिमोरियाको सञ्चालनमा सम्पन्न भएको थियो।

# "राष्ट्रिय सहकारी बैंकको सह–आयोजनामा दक्षिण एसियाली क्षेत्रीय परामर्श गोष्ठी"

ललितपुर/दक्षिण एशियाली मुलुकका सहकारीको प्रवर्द्धन र विकासमा संलग्न सहकारी निकायका प्रतिनिधिहरु र सहकारी संघ/संस्थाहरुको नेतृत्व वर्गको सहभागिताको साथ विविध विषयमा छलफल गर्न ललितपुर मा सहकारीको विकासको लागि दक्षिण एशियाली क्षेत्रीय परामर्श गोष्ठी मङ्सिर २९ गते सम्पन्न भयो ।

अन्तर्राष्ट्रिय सहकारी महासंघ एशिया प्रशान्त क्षेत्र (ICA-AP), सहकारी तथा गरिबी निवारण मन्त्रालय र राष्ट्रिय सहकारी संघ मूल आयोजक सहित राष्ट्रिय सहकारी बैंक लिमिटेड लगायतका संस्थाहरुको सह–आयोजनामा सम्पन्न हुदैछ ।

दुईदिने गोष्ठीको उप–प्रधानमन्त्री तथा सहकारी एवं गरिबी निवारण मन्त्री चित्रबहादुर केसीले उदघाटन गर्नुभएको थियो । गोष्ठीमा नेपाल, भारत, बंगलादेश, भुटान माल्दिभ्स, इन्डोनेसिया र श्रीलंकाका गरि करिव ६० जना प्रतिनिधिहरुको सहभागीता रहेको थियो । गोष्ठीमा सहभागी प्रतिनिधिहरुले आ–आफ्नो मुलुकको सहकारीको अवस्थाबारे कार्यपत्र प्रस्तुत गरेका थिए । परामर्श गोष्ठीको दोस्रो दिन आगामी सन २०१६ मा सम्पन्न हुन गैरहेको सहकारी मन्त्री स्तरीय सम्मेलनका लागि आवश्यक सुझावहरु समेत तयार गरेको छ ।

## बैंकको बाह्रौ ................

गतेका लागि तोकिएको साधारणसभा देशमा उत्पन्न विषम परिस्थितिका कारण स्थगित गरिएको थियो ।

साधारणसभाले गत आर्थिक वर्षको प्रगति तथा आर्थिक प्रतिवेदन पारित गर्नुका साथै चालु आर्थिक वर्षको प्रस्तावित योजना तथा बजेट पारित गर्ने जनाइएको छ ।

यस्तै साधारणसभामा बैंकका शेयर सदस्य सहकारी संघ संस्थाहरुलाई १३ प्रतिशत लांभाश वितरणका लागि प्रस्ताव लगिने बैंकका अध्यक्ष रमेशप्रसाद पोखरेलले जानकारी दिनुभयो । राष्ट्रिय सहकारी बैंकमा हाल देशभर का ८ हजार सहकारी संघ संस्था शेयर सदस्य, ७१ करोड शेयर पूँजि, १० अर्ब निक्षेप, ६ अर्व लगानी रहेको बैंकका प्रवन्ध सञ्चालक के.बी.उप्रेतीले जानकारी दिनुभयो ।

## धनगढी, रौतहट र सिराहामा...........

आएको छ । बैंकका अध्यक्ष रमेशप्रसाद पोखरेलले शाखाको एक समारोहकाबीच ०७२ मंसिर १६ गते उद्घाटन गर्नु भएको थियो । सो अवसरमा बोल्दै अध्यक्ष पोखरेलले बैंकको शाखा स्थापना गर्ने कार्यले सुदुरपश्चिम विकास क्षेत्रको आर्थिक विकासलाई टेवा पु¥याउने बताउनुभएको थियो ।

कार्यक्रममा बैंकका सञ्चालक हरिहरनाथ योगी, पूर्व सभासद महेश्वर पाठक, धनगढी नगरपालिकाका पूर्व प्रमुख खेमराज पाण्डे, नेपाल राष्ट्र बैंक क्षेत्रीय कार्यालय धनगढीका प्रतिनिधि लोकेन्द्र कठायत, डिभिजन सहकारी कार्यालय कैलालीका अधिकृत हरि सिंह सावत लगायतले शुभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो । कार्यक्रम जिल्ला सहकारी संघ कैलालीका अध्यक्ष विश्वप्रसाद पौडेलको अध्यक्षता, बैकका सहायक प्रवन्धक मोहन कार्कीको स्वागत र धनगढी शाखाका प्रमुख कृष्ण रावलको सञ्चालनमा सम्पन्न भएको थियो । शाखा सञ्चालनका लागि कैलाली र आसपासका १ सय भन्दा बढी सहकारी संघ संस्थाहरु बैंकमा आवद्ध भइसेका छन् ।

**यसैगरी** बैंकको ३६ औं शाखा रौतहटको चन्द्रनिगाहपुरमा ०७२ मंसिर २१ गते अध्यक्ष रमेशप्रसाद पोखरेलले उद्घाटन गर्नु भयो । सो अवसरमा बोल्दै उहाँले मुलुकको दिगो आर्थिक विकास गरी स्वाधीन र समृद्ध मुलुक निर्माणका लागि कृषि क्षेत्रको प्रवर्द्धन आवश्यक रहेको बताउनु भएको छ ।

कार्यक्रममा बैंकका प्रवन्ध सञ्चालक केबी उप्रेतीले बैंकको समग्र अवस्थाका बारेमा जानकारी गराउनु भएको थियो । राष्ट्रिय सहकारी बैंकले आगामी ५ वर्षमा २० अर्ब रकम कृषि क्षेत्रमा लगानी गर्ने योजना बनाएको उहाँले जानकारी गराउनु भएको थियो ।

कार्यक्रममा बैंकका लेखा समिति संयोजक कुलचन्द्र अधिकारी, नेपाल बचत तथा ऋण सहकारी संघ (नेफ्स्कुन) का महासचिव परितोष पौड्याल, बैंकका सञ्चालक देवराज पराजुली, इलाका प्रशासन कार्यालय चन्द्रनिगाहपुर का प्रशासक गिरीधारी सुवेदी, जिल्ला प्रहरी कार्यालय रौतहटका डिएसपी मनोजकुमार यादव, डिभिजन सहकारी कार्यालय रौतहटका प्रमुख गोपाल बराल, वचत तथा ऋण सहकारी संघ सर्लाहीका अध्यक्ष बाबुराम घिमिरे, वचत तथा ऋण सहकारी संघ बाराका अध्यक्ष भोला गौतम, दुग्ध उत्पादक सहकारी संघ रौतहटका अध्यक्ष कृष्ण अधिकारी, कृषि सहकारी संघ रौतहटका अध्यक्ष महेश पाल, चन्द्रनिगाहपुर उद्योग वाणिज्य संघका अध्यक्ष बासु अधिकारी लगायतले शुभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो ।

शाखा उद्घाटन कार्यक्रम वचत तथा ऋण सहकारी संघ रौतहटका अध्यक्ष खड्कबहादुर बम्जनको अध्यक्षता, बैंकका सहायक प्रवन्धक मोहन कार्कीको सञ्चालन र चन्द्रनिगाहपुर शाखाका प्रमुख विष्णु पराजुलीको सञ्चालनमा सम्पन्न भएको थियो ।

यस्तै राष्ट्रिय सहकारी बैंकको ३७ औ शाखा सिराहाको लाहानमा ०७२ माघ २९ गतेदेखि शुरु भएको छ । शाखाको उद्घाटन गर्दै बैंकका अध्यक्ष रमेशप्रसाद पोखरेलले सहकारी मार्फत मुलुकको आर्थिक, सामाजिक र सांस्कृतिक विकासका लागि सहकारी बैंकको योगदान महत्वपूर्ण रहेको दावी गर्नु भयो ।

शाखा उद्घाटन कार्यक्रममा बैंकका प्रवन्ध सञ्चालक के.बी. उप्रेतीले सहकारी मार्फत समृद्ध मुलुक निर्माणको अभियानमा सहकारी बैंक निरन्तर क्रियाशिल रहेको बताउनुभयो ।

शाखा उद्घाटन कार्यक्रममा इलाका प्रशासन कार्यालयका प्रमुख रञ्जितजंग अधिकारी, डिभिजन सहकारी कार्यालय सिराहाका सहायक अधिकृत रामप्रसाद सुवेदी, जिल्ला सहकारी संघका अध्यक्ष रुना यादव, बचत तथा ऋण सहकारी संघका अध्यक्ष सञ्जय यादव, कृषि सहकारी संघका अध्यक्ष भदन खारापाने, कृषि विकास बैंक सिराहाका प्रवन्धक अम्बे कुमार शाह, राष्ट्रिय वाणिज्य बैंकका प्रवन्धक बरुणकुमार कर्ण, नेपाल बैंकका प्रवन्धक सियाराम यादव लगायतले शुभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो ।

कार्यक्रम कृषि सहकारी संघ सिराहाका अध्यक्ष मागेन कामैतको अध्यक्षता, राष्ट्रिय सहकारी बैंकका सहायक प्रवन्धक मोहन कार्कीको सञ्चालन र सप्तरी शाखाका प्रमुख विप्लव कुमार कर्णको स्वागतमा सम्पन्न भएको थियो । देशभरका सहकारीहरुलाई सदस्य बनाई कारोबार गरेको राष्ट्रिय सहकारी बैंकमा हाल ८ हजार सहकारी संस्था सदस्य रहेका छन् ।





**कैलालीको धनगढी र सिराहाको लाहानमा राष्ट्रिय सहकारी बैंकको शाखा उद्घाटन गर्दै अध्यक्ष रमेश पोखरेल**

# बैंकका अध्यक्ष र प्रवन्ध......

पुऱ्याएको भन्दै सम्मान गरेको हो। सहकारी क्षेत्रमा उल्लेख्य योगदान गर्ने व्यक्तित्वहरुको योगदानको उच्च कदर गर्दै प्रत्येक वर्ष सम्मान गर्दै आएको संस्थाले जनाएको छ।

यस्तै नेपालको सहकारी अभियानमा गरेको योगदानको उच्च कदर गर्दै साथी शिक्षा सहकारी संस्था लिमिटेड रौतहटले राष्ट्रिय सहकारी बैंकका अध्यक्ष रमेश प्रसाद पोखरेललाई सम्मान गरेको छ।

बाल निकेतन आवासीय उच्च मा.वि सञ्चालन गर्दै आएको संस्थाले आयोजना गरेको कार्यक्रममा राष्ट्रिय सहकारी व्यक्तित्व सम्मानबाट बैंकका अध्यक्ष पोखरेललाई सम्मान गरेको हो। पूर्व प्रधानमन्त्री माधवकुमार नेपालले बैंकका अध्यक्ष पोखरेललाई सम्मान गर्नु भएको थियो।

सहकारी मूल्य मान्यताको विकास र सञ्जाल विस्तार गर्दै शहरदेखि ग्रामिण क्षेत्रसम्मका सहकारी सदस्यहरुको आर्थिक समृद्धिका लागि पुऱ्याएको योगदानको कदर गर्दै सम्मान गरिएको संस्थाका कार्यकारी निर्देशक दीपक रेग्मीले जानकारी दिनुभयो। सो अवसरमा पूर्व प्रधानमन्त्री नेपालले मुलुकको आर्थिक र सामाजिक विकासका लागि सहकारी अभियान महत्वपूर्ण रहेको बताउनुभयो। उहाँले सहकारी बैंकले सदस्य संघ संस्थामार्फत जनताको आयस्तर माथि उठाउन खेलेको भूमिका सह्रानिय रहेको बताउनुभयो। उहाँले सहकारीमैत्री नीति निर्माणका लागि आफ्नो तर्फबाट सक्दो प्रयत्न गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नु भएको थियो।

यस्तै पोखरा रोयल सहकारी संस्था लि. कास्कीले हरेक वर्ष प्रदान गर्ने राष्ट्रिय सहकारी पुरस्कारबाट बैंकका प्रवन्ध सञ्चालक के.बी. उप्रेतीलाई सम्मान गरेको छ।

सहकारी क्षेत्रमा निरन्तर १० वर्ष भन्दा बढी क्रियाशिल राष्ट्रिय स्तरका सहकारीकर्मीहरुलाई नगद ११ हजार १ सय ११ सहित सम्मान पत्रद्वारा सम्मान गरिने यो पुरस्कार संस्थाको हालै सम्पन्न चौधौ वार्षिक साधारणसभाका अवसरमा उप्रेतीलाई प्रदान गरिएको थियो। सहकारी क्षेत्रको प्रवर्द्धन, विकास र विस्तारमा संलग्न एक जना अभियानकर्मीलाई प्रत्येक वर्ष यसरी नै पुरस्कृत गरिदै आएको संस्थाले जनाएको छ।

संस्थाले उक्त पुरस्कारबाट दिपक प्रकाश बाँस्कोटा, केशव बडाल, चन्द्रबहादुर ठकुरी र मिनराज कंडेललाई पुरस्कृत गरिसकेको संस्थाका प्रवन्ध सञ्चालक भीम गुरुङले जानकारी दिनुभयो।




# दुहवीमा लघुवित्त कर्जा तालिम

सुनसरी/राष्ट्रिय सहकारी बैंक लिमिटेडले सञ्चालन गरेको लघुवित्त कर्जा अन्तरगत सदस्य संघ संस्थाहरुलाई कर्जा सम्बन्धी तालिम दिने गरिन्छ। यसै क्रममा इटहरी शाखाद्वारा ०७२ माघ ८ गते व्यवसायिक कृषि सहकारी संस्था लिमिटेड दुहवी-४, सुनसरीका सदस्यहरुलाई तालिम प्रदान गरिएको थियो। बैंकले संस्थालाई ६८ लाख रुपैया कर्जा लगानी गरेको छ।

# सहकारी बैंकको सदस्य सेवा वृद्धि

ललितपुर/राष्ट्रिय सहकारी बैंक लिमिटेड आइएमइ रेमिट्यान्स सेवाको मुख्य प्रतिनिधिको रुपमा नियुक्त भएको छ। बैंक मार्फत सदस्य सहकारी संस्थाहरूले आइएमइ सेवाको सहायक प्रतिनिधि बन्न सक्नेछन । बैंकले आबद्ध सहकारी संस्थाहरुलाई सदस्य सेवामा थप गर्ने उद्देश्य स्वरूप यस सेवा शुरु गरिएको छ । अब बैंकको नजिकको शाखा कार्यालय वा केन्द्रीय कार्यालयमा सम्पर्क गरि आई एम ई रेमिट सेवा संचालनको लागि सहकारी संघ संस्थाहरुले निबेदन दिन सक्ने बैंकले जनाएको छ।




सहकारी संस्थाहरुले राष्ट्रिय सहकारी बैंक मार्फत आई एम ई सेवा संचालनको लागि बैंकको शेयर सदस्य हुनु पर्ने, बैंकमा सम्पर्क गरि वा इमेल मार्फत प्रारम्भिक निवेदन माग गरि भर्नुपर्ने तथा आईएम ई लिमिटेडले स्वीकृत गरे पश्चात थप प्रक्रिया अगाडी बढाइने बैंकका सहायक प्रवन्धक मोहन कार्कीले जानकारी दिनु भयो।

# राष्ट्रिय सहकारी बैंक लिमिटेडको अत्यन्त जरुरी सूचना

यस बैंकले आफ्नो १३ औं स्थापना दिवसको अवसरमा बैंकका संस्थापकहरु, बैंकलाई योगदान दिने वा विशेष भूमिका निर्वाह गर्ने पूर्व संचालकहरु, उत्कृष्ट कार्य गर्ने सहकारी संस्थाहरु र तिनीहरुका जिल्ला संघहरु, सहकारीता सम्वन्धी कार्यमा विशेष योगदान पुऱ्याउने अन्य सहकारी संघ/संस्थाहरु, बैंकको उद्देश्य र गतिविधिमा गहन भूमिका निभाउने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय, सरकारी एवं गैर सरकारी संघ/संस्थाहरु, सहकारीता सम्वन्धी कार्यमा परोक्ष वा प्रत्यक्ष रुपमा उदाहरणीय सरोकार राख्ने, सहयोग गर्ने, सक्रियता देखाउने व्यक्ति, समुदाय, वा संस्थाहरु, बैंकका कर्मचारीहरु, उत्कृष्ट कार्य गर्ने विषयगत केन्द्रीय सहकारी संघहरू साथै आ.व.२०७१/७२ मा बैंकसंग निक्षेप तथा कर्जा तर्फ उत्कृष्ट कारोवार गर्ने सहकारी संघ/संस्थालाई पुरस्कृत गर्ने भएकोले यस कार्यक्रममा सहभागिताका लागि सहकारी संघ/संस्था छनौट गर्नका लागि सदस्य संघ संस्थाहरुले भर्नु पर्ने फारम बैंकको सबै शाखा कार्यालयहरुमा पठाई सकिएको साथै बैंकको वेभसाईटमा समेत राखि सकिएको ब्यहोरा जानकारी गराईन्छ । साथै फारम भरेका सहकारी संघ/संस्थाहरु मात्र यस कार्यक्रममा सहभागी हुने भएकाले यस कार्यक्रममा सहभागी हुन ईच्छुक सहकारी संघ/संस्थाहरुले नजिकको शाखा कार्यालय तथा बैंकको वेभसाईटबाट फारम लिई रितपुर्वक भरी मिति २०७३ जेठ १५ गते भित्र शाखा कार्यालय अथवा ईमेल मार्फत केन्द्रीय कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ।

**राष्ट्रिय सहकारी बैंक लिमिटेड**
**केन्द्रीय कार्यालय, कुपण्डोल, ललितपुर**
**फोन नं. ०१५०११७८२, फ्याक्स नं. ०१५५५६८७**
Website : www.coopbank.com.np
Email : prize@coopbank.com.np

कविता

## सहकारीका केही शब्द



**- कुलचन्द्र अधिकारी**
*संयोजक, लेखासमिति*
*राष्ट्रिय सहकारी बैंक*

हामी जुटौं, सहकारीको ब्यानर बोकी बोकी
राज्य शक्ति हाम्रो पछी लाग्छ, सहयोग गर्छु भनी ।

सहकारी विश्वव्यापी, आर्थिक क्षेत्रको लहर
सबै राष्ट्र जुटेको छ सहकारीले बनाउछ सबै वस्ती शहर

सहकारी विश्वभरि एउटै झण्डा फरर
सहकारीका सात सिद्धान्त गाइड गर्छ संसार

सहकारीको जनता संग सिधै सरोकार
आर्थिक कान्ति सम्पन्न गर्न सहकारीकै बिश्वास गर

सहकारीको झण्डा राम्रो इन्द्रेणीको सातै रङ्ग
सबै रंगको अर्थ खुल्छ, हामी सबैले जान्नुपर्ने हुन्छ

| | |
|---|---|
| १ रातो - | सम्बृद्धिको प्रतिक |
| २ सुन्तला - | प्रगतिको प्रतिक |
| ३ पहेलो - | न्यायको प्रतिक |
| ४ हरियो - | शान्तिको प्रतिक |
| ५ आकासे निलो - | अहिंसाको प्रतिक |
| ६ निलो शुद्ध - | प्रेमको प्रतिक |
| ७ बैजनी - | सत्यको प्रतिक |

# राष्ट्रिय सहकारी बैंक लि.को कर्पोरेट र मुख्य शाखा कार्यालय लोडसेडिङ मुक्त



ललितपुर/राष्ट्रिय सहकारी बैंक लिमिटेडको कुपण्डोल स्थित कर्पोरेट कार्यालय र मुख्य शाखा कार्यालयलाई लोडसेडिङ मुक्त बनाउन सोलार जडान कार्य सम्पन्न गरिएको छ।

स्वच्छ ऊर्जाको प्रवर्द्धन गरि नवीकरणीय उर्जालाई उपयोग गर्दै देशमा वर्तमान समयमा उत्पन्न भएको ऊर्जा सङ्कटको निराकरणमा सहयोग गर्न सोलार जडान कार्य सम्पन्न गरिएको हो।

# सहकारी संघ/संस्थाहरूको व्यवसाय प्रवर्द्धनमा राष्ट्रिय सहकारी बैंकको भूमिका बारे विभिन्न शाखाद्वारा गरिएका अन्तरक्रिया कार्यक्रमहरूका तस्वीरहरू



सिमरा शाखाले आयोजना गरेको अन्तरक्रिया कार्यक्रम


हेटौडा शाखाले आयोजना गरेको अन्तरक्रिया कार्यक्रम



वालिङ शाखाले आयोजना गरेको अन्तरक्रिया कार्यक्रम



पोखरा शाखाले आयोजना गरेको अन्तरक्रिया कार्यक्रम


सिन्धुली शाखाले आयोजना गरेको अन्तरक्रिया कार्यक्रम



दमौली शाखाले आयोजना गरेको अन्तरक्रिया कार्यक्रम



इलाम शाखाले आयोजना गरेको अन्तरक्रिया कार्यक्रम



जनकपुर शाखाले आयोजना गरेको अन्तरक्रिया कार्यक्रम

# राष्ट्रिय सहकारी बैंकको सहयोगमा जुस उत्पादन

पोखरा/सहकारीहरु वचत तथा ऋणमा केन्द्रीत भएको आरोप लागि रहेकै समयमा पोखराको एक सहकारीले फरक ढंगले सहकारीको भावनालाई अगाडि बढाएको छ। यद्यपी धेरै सहकारीले उत्पादन, प्रशोधन र बजारीकरणको काम गरिरहेका छन्। तर पनि सहकारीहरु उत्पादनका क्षेत्रमा लागेनन् भन्ने आरोप भने लागि रहन्छ। कास्कीको पोखरामा रहेको प्राइम बचत तथा ऋण सहकारी संस्थाले राष्ट्रिय सहकारी बैंकबाट कर्जा लिएर १ करोड लगानीमा उद्योग सञ्चालनमा ल्याएको हो।



**उत्पादनमा लागेका पौरखीहरु** : एलोभेरा जुस उत्पादनका लागि जेल निकालिदै

सहकारीले पोखराको लामाचौरमा उद्योग स्थापना गरी एलोभेरा (घ्यूकुमारी) जुस उत्पादन गर्दै आएको छ। १ वर्ष अगाडिदेखि उद्योगबाट निरन्तर रुपमा एलोभेरा जुस उत्पादन भैरहेको संस्थाका व्यवस्थापक निरु थापाले जानकारी दिनुभयो। 'उद्योगको जुस उत्पादन क्षमता दैनिक ३५ सय लिटर छ। क्षमता बढी भएपनि बजारको माग अनुसार जुस उत्पादन गर्दै आएका छौं'-थापाले भन्नुभयो। उहाँका अनुसार अहिले दिनमा ३ सय लिटर बढी जुस उत्पादन हुदै आएको छ। दैनिक ६०/७० लिटर जुस पोखरामै बिक्री हुन्छ। बाँकी जुस काठमाडौं लगायतका स्थानमा पुग्छ, उहाँले भन्नुभयो। पोखरा बाहिर डिलर मार्फत विभिन्न शहरमा हाम्रो उत्पादन पुगिरहेको छ। प्रतिलिटर जुस ६ सय रुपैयाँमा बिक्री भैरहेको छ।




गाउँ गाउँका किसानले उत्पादन गरेको एलोभेरा खरिद गरेर सहकारीले जुस उत्पादनका लागि प्रयोग गर्दै आएको छ। जुस उत्पादन र विक्रीको प्रतिक्रिया राम्रो आइरहेको छ। मुख्य बजार पोखरा र काठमाडौलाई बनाएर देशभर जुस पुर्‍याउने उद्योगको लक्ष्य रहेको छ। सहकारीले उद्योगबाट स्याम्पु र साबुन पनि उत्पादन गर्दै आएको छ। स्याम्पु र साबुनले पनि बजार पाउन लागि सकेको छ। एलोभेरा जुसमा क्याल्सियम, सोडियम, आइरन, पोटासियम, क्रोमियम, तामा जस्ता खनिज पदार्थ तथा १८ धातु, १५ एमिनो एसिड र १२ थरीका भिटामिन पाइने भएकाले पनि यसको विक्रीमा समस्या नहुने सञ्चालकको दावी छ। विभिन्न रोगको औषधी हुने भएकाले एलोभेरा जुसको माग बढेको संस्थाका प्रवन्ध निर्देशक सुरेन्द्र पौडेलले बताउनुभयो।

निक्षेप संकलन र ऋण लगानी गरेर मात्र सहकारीको भविष्य राम्रो नहुने भन्दै पौडेलले सहकारीहरुले पनि उत्पादनमुलक क्षेत्रमा लगानी बढाउन आवश्यक छ भन्नुभयो। उत्पादन मुलक क्षेत्रमा लगानी बढाएमा देशको आर्थिक विकासमा पनि केही योगदान पुर्‍याउन सकिन्छ। उद्योगमा सात जना कर्मचारी कार्यरत छन्। पोखराको गैह्रापाटनमा कार्यालय रहेको सहकारीमा ७ सय ८ जना शेयर सदस्य छन्। शेयर पूँजि ४ करोड ६५ लाख रहेको सहकारीको जगेडाकोषमा १ करोड ३० लाख रुपैया छ। २०६६ साल फागुनमा स्थापना भएको सहकारीले ४४ करोड निक्षेप संकलन गरी ४८ करोड कर्जा लगानी गरेको छ। प्राइमले राष्ट्रिय सहकारी बैंकबाट साढे सात करोड कर्जा लिएकोमा पहिलो चरणमा १ करोड उत्पादनमा लगाएको छ। यसले राम्रो प्रतिफल दिन थाल्यो भने थप लगानी गर्ने लक्ष्य संस्थाले लिएको छ।

प्राइम जस्तै उत्पादनका क्षेत्रमा काम गर्न इच्छुक सहकारी संघ संस्थाहरुलाई सहज रुपमा कर्जा लगानी गरिने राष्ट्रिय सहकारी बैंकका प्रवन्ध सञ्चालक के.बी. उप्रेतीले जानकारी दिनुभयो। राज्यले लिएको सहकारी मार्फत दीगो आर्थिक विकास र सामाजिक न्याय भन्ने नारालाई सफल पार्नका लागि अब सहकारीहरुले यस्ता खाले गतिविधि गर्नु पर्नेमा सहकारी क्षेत्रका अगुवाहरुले जोड दिएका छन्।